# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, भदौ २३ गते २०६३ साल (अतिरिक्ताङ्क ३४

## भाग ४

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

माननीय महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री उर्मिला अर्याल अफगानिस्तानमा शान्ति स्थापना, द्वन्द्वपश्चात्को पुनर्निर्माण एवं संविधान निर्माणका प्रक्रियाहरूमा महिलाहरूको सरोकार सम्बन्धमा अध्ययन गर्ने सिलसिलामा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै मिति २०६३ साल भाद्र २३ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय सूचना तथा सञ्चार राज्यमन्त्री श्री दिलेन्द्र प्रसाद बडूले सम्हाल्ने गरी तोक्नु भएको छ ।

### सूचना २

माननीय वन तथा भू-संरक्षण राज्यमन्त्री श्री गोपाल राई मित्र राष्ट्र भारतको ५ दिने अनौपचारिक भ्रमणको सिलसिलामा मिति २०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साल भाद्र २२ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको वन तथा भू-संरक्षण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय शिक्षा तथा खेलकुद मन्त्री डा. मङ्गलसिद्धि मानन्धरले सम्हाल्ने गरी तोक्नु भएको छ ।

आज्ञाले,
डा. भोजराज घिमिरे
मुख्य सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित । मूल्य रू. ५।०।-
गो.छ.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग